नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(...योजना तथा अनुगमन शाखा...)

फोनः ०१.६६३१०७५
फोनः ०१.६६३३६२३
फोनः ०१.६६३५१३४

सानोठिमी, भक्तपुर

पत्र संख्याः २०७७।०७८ (यो.तथा अनु.) मितिः २०७८।०१।२६

च. नं. ३८१

विषयः राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तह
सबै ।

प्रस्तुत विषयमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७७।१२।१९ गतेको निर्णय अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम प्राप्त गरेका विद्यालयहरुले तोकिए बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि देहाय अनुसार गर्ने गराउने व्यवस्था मिलाउनु हुन यस केन्द्रको मिति २०७८।०१।२४ को निर्णयानुसार अनुरोध छ ।

**तपशील**

१ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि स्वीकृत कार्यक्रम र विद्यालयहरुको सूची यस केन्द्रको वेवसाइट [www.cehrd.gov.np] मा राखिएको छ । कार्यक्रम प्राप्त गर्ने विद्यालयगत विवरण सोही सूचीबाट प्राप्त गर्नु हुन ।

२ वेवसाइटमा सार्वजनिक भएको सूचनामा उल्लेखित विद्यालयलाइ तोकिए बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि तोकिएको ढाँचामा सम्झौता गरी गराइ बजेट निकासा गर्ने व्यवस्था मिलाउनु हुन ।

३ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रिया शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइटमा सार्वजनिक भइसकेकोले कार्यान्वयन प्रक्रिया वेवसाइटबाट प्राप्त गर्नु भइ सोही अनुसार कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु हुन ।

४ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माणको लागि कार्यक्रम प्राप्त गर्ने विद्यालयहरुले प्रयोग गर्न सक्ने निम्न अनुसारका स्वीकृत ड्इङ डिजाइन यस केन्द्रको वेवसाइटमा राखिएको छ । RCC भवनलाइ प्राथमिकतामा राखि स्वीकृत भएका डिजाइन मध्ये आवश्यकता अनुसार कुनै एक खालको ड्इङ डिजाइन छनौट गर्ने व्यवस्था मिलाउनु हुन ।

क) RCC दुई कोठे विद्यालय भवन (RCC दुई तला ४ कोठे भवनको भुइतलाको ड्इङ डिजाइन)
ख) RCC चार कोठे विद्यालय भवन (RCC दुई तला ४ कोठे भवनको ड्इङ डिजाइन)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
(...योजना तथा अनुगमन शाखा...)

फोन: ०१.६६३१०७५
फोन: ०१.६६३३६२३
फोन: ०१.६६३५१३४

सानोठिमी, भक्तपुर

ग) दुई कोठे Truss भवन- Brick Masonry (1 storey 2 room Brick Masonry with steel structure)

घ) दुई कोठे Truss भवन- Stone Masonry (1 storey 2 room Stone masonry with steel Structure)

- यस अगाडि स्वीकृत डिजाइन भित्र तयार भएको २ कोठे RCC भवन माथि अर्को RCC भवन बनाउन सकिने छ, तर प्राविधिकबाट तयार भएको Structure Analysis सम्वन्धित स्थानीय तहबाट स्वीकृत गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

५ कार्यक्रम कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग र कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन तहॉबाट हुने आवश्यक व्यवस्था मिलाउनु हुन ।

२०७८।१।२६
रामप्रसाद शर्मा
शाखा अधिकृत

बोधार्थ:
श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।